# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९

बेनी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

बेनि, म्याग्दि

## सङ्क्षिप्त शब्दावलीहरूको विस्तृतीकरण

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| वि.स. | : | विक्रम सम्वत |
| लै.स.सा.स. | : | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण |

# विषय सूचि

**खण्ड एकः पृष्ठभूमी ........ 1**

१.१ बिगतका व्यवस्था र प्रयास ........ 2

१.२ वर्तमान स्थिती ........ 4

१.३ समस्याहरु ........ 4

१.४ चुनौतीहरु ........ 5

१.५ अवसरहरु ........ 5

१.६ लैससास रणनीतिको आवश्यकता ........ 5

**खण्ड दुईः लैससास रणनीति ........ 7**

२.१ दीर्घकालीन सोंच ........ 10

२.२ दीर्घकालीन लक्ष्य ........ 10

२.३ उद्देश्यहरु ........ 10

२.४ रणनीति तथा कार्यनीतिहरु ........ 12

२.५ सम्भावित जोखिम र न्युनिकरणका उपायहरु ........ 18

२.६ अपेक्षित उपलब्धीहरु ........ 18

२.७ संस्थागत सँरचना ........ 19

२.८ अनुगमन तथा मूल्याङ्कन ........ 20

२.९ कार्ययोजना ........ 22

२.१० कार्यान्वयन समिति ........ 24

२.११ पुनरावलोकन तथा सुधार ........ 25

२.१२ बाधा अडचन फुकाउने ........ 25

# खण्ड एकः पृष्ठभूमी

महिला र पुरुषका बीचमा हुने विभेद वा लैङ्गिक असमानताका लागि सम्बन्धित समाजको मुल्य, मान्यता र सोचलाईनै मुख्य जिम्मेवार मानिन्छ। जन्मदाको समयमा व्यक्तिहरुका बीच आधारभूत रुपमा कुनै ठुलो भिन्नता हुँदैन। शरीरमा हुने अङ्गहरु स्वभाविक, वास्तविक र प्राकृतिक हुन। जसका कारणले मात्र व्यक्तिको शारीरिक, मानसिक र वौद्धिक विकासमा कुनै किसिमको प्रभाव पर्दैन वा फरक पार्दैन अर्थात व्यक्तिगत सामार्थ्य र शक्तिको सम्भावनालाई उसको शरीरमा रहेको लिङ्गले कुनै अन्तर ल्याउँदैन। तर सामाजिक रुपमा धारण गरिने लैङ्गिकता प्रतिको दृष्टिकोणका कारणले महिला वा पुरुषहरु प्रति गरिने व्यवहार, दर्शाइने दृष्टिकोण, दिइने जिम्मेवारी र उपलब्ध गराईने अवसरहरुका कारण उनिहरुको जीवनयापनका लागि आवश्यक वैयक्तिक दक्षता र क्षमता विकास प्रभावित हुन्छ। त्यसैले महिला र पुरुषका बीच लैङ्गिकताका आधारमा गरिने व्यवहार न्यायोचित मान्न सकिँदैन।

यसप्रकार लैङ्गिकता प्राकृतिक नभई समाजले बनाएको लिङ्ग हो त्यसैले यसलाई सामाजिक लिङ्ग पनि भनिन्छ। सामाजिक लिङ्ग परिवर्तन गर्न सकिन्छ। तर सुधार गर्न अथवा आमुल रुपमा परिवर्तन गर्न जसले लैङ्गिकताको जन्म दियो र हुर्कायो परिवर्तन गर्न पनि उहि समाज नै मुख्य जिम्मेबार हुन्छ। कुनै समय सम्बन्धित समाजले समाज बिकासका लागि आवश्यक ठानी बनाएका सामाजिक नियमहरु समय बित्दै जाँदा कुनै वर्ग र समुदायका लागि विभेदकारी भएको महसुस हुन गयो जसलाई परिवर्तन गर्नका लागि अन्तर्राष्ट्रिय सन्धी महासन्धीहरु, संविधान, र ऐनहरुमा यसको ब्यवस्था गर्नु पर्यो र विशेष सँरचना वा आयोजना पनि जरुरी हुन गयो। त्यसैका लागि सबै तहमा लैङ्गिकता र यसले सृजना गरेका नकारात्मक असरहरुलाई हटाउन वा कम गर्नका लागि कार्यक्रम, योजना र बजेटको आवश्यकता पर्न थाल्यो। नेपालमा पनि बिगत दुई दशक अघि देखि यस सम्बन्धमा उल्लेखनीय प्रयासहरु भएका छन।

महिला र पिछडिएका समुदायको विकासमा पछिल्ला दशकहरुमा नेपालमा केहि नतिजामुलक उपलब्धीहरु भएका छन्। तर यत्तिकैमा सन्तुष्ट हुने अवस्था भने छैन। महिलालाई मुनष्य वा पशुमध्ये कुन समुदाय भित्र पार्ने भन्ने विषयमा समेत कुनै कालखण्डमा व्यापक वहस हुने गरेको इतिहास भेटिन्छ (राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६८)। विगत ६ दशकको अवधिमा सँयुक्त राष्ट्रसंघको अग्रसरतामा मानव अधिकारको क्षेत्रमा सार्वजनिक गरिएका दस्तावेजहरुको पक्षराष्ट्र भएका कारणले नागरिक अधिकारको संरक्षण गर्नु सदस्य राष्ट्रहरुको दायित्व भएकाले विश्वभर महिला तथा पिछडिएका वर्गका नागरिकको हैशियतमा सकरात्मक सुधार आएको हो। तर समाजमा विद्यमान सामाजिक, सांस्कृतिक विभेद, अन्धविश्वास, कुप्रथा, कुरिति र कुसंस्कारहरुका अवशेषका कारण महिला तथा पिछडिएका समुदायका नागरिकले समान रुपमा अधिकारको उपयोग गर्न सकेका छैनन्।

विभिन्न कारणहरुले गर्दा लामो समय देखि विकासको मुलप्रवाहमा आउन नसकेको वर्ग जस्तैः महिला, दलित, आदिवासी, जनजाती, अल्पसंख्यक, र फरक क्षमता भएकाहरुलाई पनि अधिकारको समान उपभोगमा सक्षम

वनाउन केवल औपचारिक समानताले मात्र सम्भव नहुने भएकाले व्यवहारिक उपायहरु अवलम्वन गर्नुपर्दछ भन्ने मान्यता स्थापित हुँदै गयो। तत्पश्चात समावेशिताको अभ्यास अपनाउनुका साथै लोकतान्त्रिक व्यवस्थामा महिला लगायत पिछडिएका वर्गका नागरिकको सशक्तिकरण र मुलप्रवाहीकरणका लागि लैङ्गिकता तथा समावेशीकरणका उपायहरु अवलम्वन गर्न थालियो।

नेपालको संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम प्रवर्धन गर्दै; विभिन्न वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरिएको छ। संविधानको धारा १६ ले सबै व्यक्तिहरुको सम्मानपूर्वक बाच्ने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ज) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ ले राज्यले गर्नु पर्ने दायित्वको ब्यबस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरमा विकासकालागि आवधिक, बार्षिक, रणनीतिगतरुपमा मध्यकालिन तथा दिर्घकालिन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा ब्यबस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धीत विषयलाई ध्यान दिनु पर्ने भनी उल्लेख गरेको छ।

यस सन्दर्भमा बेनी नगरपालिकाले पनि आँफूलाई लैङ्गिकमैत्री समावेशी नगरपालिकाको रुपमा बिकास गर्ने परिकल्पना गरे अनुरुप समुदायमा पछाडी पारिएका वा परेका महिला, दलित, आदिवासी जनजाती, मुस्लिम, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, एकल महिला र हिंसा पीडितहरुलाई समान सहभागीता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागीताको भुमिकासहित लैङ्गिक समानता र सामाजिक समावेशीकरणको माध्यमबाट सबैले आत्मसम्मान वोध हुने वातावरण निर्माण गर्न र नगरपालिकावाट गठन हुने समिति, संरचना र क्रियाकलापहरुलाई मुलप्रवाहीकरणको माध्यमवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतीलाई संस्थागत गर्न आवश्यक देखिएकोले "बेनी नगरपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९" तर्जुमा गरिएको छ।

## १.१ बिगतका व्यवस्था र प्रयास

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्नकालागी तत्कालीन स्थानीय विकास मन्त्रालयले लैङ्गिक समानता तथा सामाजीक समावेशीकरण नीति २०६६ तर्जुमा गरेको थियो। बदलिंदो राजनितिक परिस्थिति र संवैधानिक ब्यबस्था अनूरुप संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले

सामाजिक समावेशीकरण नीति २०७७ तर्जुमा गरेको छ। बेनी नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रबर्धन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास गर्नुका साथै ऐन, नियम र कार्यविधि तथा मापदण्ड तर्जुमा गर्दा लैससास सम्बन्धमा संवेदनशिल भएर बनाउने प्रयास गरेको छ। वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक तथा समावेशी सहभागीतालाई जोड दिदै योजना तथा कार्यक्रमहरु तर्जुमा गर्ने गरेको छ।

विगत केहि वर्षहरु देखिनै नेपालमा महिला दलित आदिवासी जनजाती मधेशी मुस्लिम, पिछडिएका समुदाय, बालवालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरु, सामाजिक आर्थिक वा शैक्षिक रुपमा पछाडी परेका व्यक्ति तथा समुदाय लगायतलाई विकासको समग्र प्रकृया एवम प्रतिफलको हिस्सेदार बनाई मुलप्रवाहीकरण गर्ने प्रयास गरिएको छ। यसका निमित्त स्रोत साधन र सार्वजनिक सेवामा पहुँच बढाउन, राज्यको हरेक संरचना एवम निर्णय प्रकृया र सो को कार्यान्वयन प्रकृया समेतमा न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्न र लक्षित वर्गको सशक्तीकरणका कार्यक्रमहरु संस्थागत रुपमा सञ्चालन भएका छन। दशौं योजना (२०५९-०६४) मा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर-सम्बन्धित विषय (Cross-cutting issue) का रुपमा स्थान दिइएको थियो। आ.व. २०६४-०६५ देखि नेपाल सरकारका सबै मन्त्रालयहरुबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालिको अभ्यास हुँदै आएको छ। यसै अनुरुप समावेशीकरण नीति तर्जुमा र सामाजिक समावेशीकरण सम्बन्धी संरचनाहरु स्थापना गर्ने कार्यको थालनी पनि भएको छ।

नेपालको संविधानले समतामुलक समाज निर्माण गर्न र सामाजिक समावेशीकरणलाई मुर्तरुप दिन विभिन्न मौलिक हकहरुको प्रत्याभुती गरेको छ। स्थानीय तहका विभिन्न पदहरुमा समेत जातीय लैङ्गिक लगायतको प्रतिनिधित्वको व्यवस्था गरिएको छ। आफ्नो धर्म संस्कृति एवम भाषाको संरक्षण र संवर्द्धनका लागि सचेतना तथा क्रियाशिलतामा अभिवृद्धि भएको तथा राज्यका विभिन्न अङ्ग तथा विषय क्षेत्रमा यस्ता पछाडि परेका समुदाय तथा क्षेत्रको प्रतिनिधित्व बढ्दै गएकाले समावेशीकरणको प्रकृया थप प्रभावकारी बन्दै गएको छ।

समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमको प्रभावकारीताका लागि स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावशी बजेट तर्जुमा एवम परीक्षण निर्देशिका, २०६८ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ अनुसार तत्कालीन स्थानीय निकायको निशर्त पुँजिगत बजेटको कम्तिमा १० प्रतिशत रकम आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका विपन्न महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत उपेक्षित वर्ग तथा समुदायका लागि छुट्याउनु पर्ने व्यवस्था थियो। साथै तत्कालिन स्थानीय निकायहरुमा महिला, दलित, आदिवासी जनजाती, पिछडिएका समुदाय, बादि, अपाङ्गता समन्वय सम्बन्धी संरचनाहरु गठन गरी ति समुदायलाई संस्थागत रुपमा शासकीय संरचनामा आवद्ध गर्ने प्रयास गरिएको र सामाजिक परिचालन मार्फत आर्थिक तथा सामाजिक रुपमा पिछडिएका समुदायको आर्थिक-सामाजिक उत्थानका लागि बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने जस्ता महत्वपूर्ण प्रयासहरु भएका थिए।

चालु पन्ध्रौं योजनामा सामाजिक बिषय क्षेत्र अन्तर्गत महिला, विभिन्न लक्षित समुदाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, किशोर किशोरीहरु लगायतलाई बिकासको मुलप्रवाहमा ल्याई समावेशी र

समतामुलक राष्ट्र निर्माण गर्ने विषय उल्लेख गरिएको छ। साथै उक्त योजनाको अन्तरसम्बन्धित विषय अन्तर्गतको समावेशीकरण विषय उपक्षेत्रमा समानुपातिक समावेशी विकास र पहुँच सुनिश्चित गरी कार्यान्वयनमा लैजान जोड दिइएको छ। यस आवधिक योजनामा समावेशीकरणको विषय क्षेत्रगत लक्ष्यमा मानव विकास सूचाङ्कको आधारमा पछाडि परेका समुदायको सशक्तिकरण र समानुपातिक विकास गर्ने लक्ष्य लिइएको छ।

## १.२ वर्तमान स्थिती

सबै दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्गहरु जस्तैः महिला, दलित, आदिबासी जनजाति, मुस्लिम समुदाय, पिछडावर्ग, सिमान्तवर्ग, अल्पसँख्यक, अपाङ्गता भएका ब्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, किसान, श्रमिक, उत्पिडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्य लाई नेपालको संविधानले समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागी हुन पाउने हकलाई मौलिक हकको रुपमा ब्यवस्था गरेको छ। संविधानमानै विभिन्न आयोगहरुको ब्यवस्था गरी समावेशीकरणलाई थप ब्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने मार्ग स्पष्ट गरिएको छ।

वि.स. २०६८ को जनगणना अनुसार बेनी नगरपालिकाको कुल जनसँख्या ३३४९८ रहेको छ। जसमा महिलाको सँख्या १८,४९६ र पुरुषको सँख्या १५,००२ रहेको छ।जातीय समुदाय अनुसार यहाँ क्षेत्री ९७३१, मगर ७२८४, ब्राम्हण ४३६६, दर्जि २८२४, वि.क. २६३६, किसान २२९२, नेवार १२२१, ठकुरी ८४४ रहेको छ। जातीय सँरचनामा घर्तिको सँख्या सबभन्दा कम अर्थात जम्मा १३ जना रहेको छ। जातिगत विविधता भएझैं यहाँ भाषागत विविधता पनि छ।

## १.३ समस्याहरु

समावेशी लोकतन्त्रलाई संस्थागत गर्न सबै वर्ग समुदायलाई न्याय प्रदान गर्न र शासन प्रकृयामा सबै नागरिकको पहुँच स्थापित गर्न सामाजिक समावेशीकरण र उनिहरुको मुलप्रवाहीकरण आवश्यक छ। सामाजिक समावेशीकरणका मुख्य समस्याहरुमा यस सम्बन्धी एकिकृत नीति नहुनु, स्रोत, साधन, अवसर र लाभको बितरणमा लक्षित वर्ग एवम क्षेत्रको न्यायोचित पहुँच सुनिश्चित नहुनु, सामाजिक समावेशीकरणका लागि अद्दावधिक खण्डिकृत तथ्याङ्कहरुको पनि अभाव हुनु, पछाडि परेका वर्ग र समुदायलाई आर्थिक तथा सामाजिक रुपमा सशक्तिकरण गर्न अपेक्षित रुपमा नसक्नु, शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकहरुको अर्थपूर्ण सहभागिता अझै सुनिश्चित हुन नसक्नु, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा समावेशीकरण सम्बन्धी सूचकहरुलाई समावेश गर्न नसक्नु, विभिन्न वर्ग, क्षेत्र र समुदाय बीच आर्थिक तथा सामाजिक बिकासमा उच्च अन्तर रहनु र अलग अलग समुदाय र जातजाती बीच हुने व्यवहारगत विभेद हट्न नसक्नु आदि समस्या रहेका छन।

## १.४ चुनौतीहरु

लैससास सम्बन्धमा बेनी नगरपालिकाले महसुस गरिरहेका मुख्य चुनौतीहरुमा सामाजिक समावेशीकरणको अवधारणामा सरोकारवालाहरु बीच साझा दृष्टिकोण कायम गर्नु, नीति निर्माण र कार्यान्वयनमा विभिन्न निकायहरुबीच प्रभावकारी समन्वय गर्नु, स्रोत साधन, अवसर र लाभमा पछाडि परेका वर्ग, क्षेत्र र जातजातीको समन्यायिक पहुँच सुनिश्चित गर्नु, पछाडि परेका वर्ग, क्षेत्र, उमेर, लिङ्ग र जातजातिमा ब्याप्त गरिबी घटाउनु, बिभिन्न समुदाय तथा बर्गबीच रहेको आर्थिक, सामाजिक तथा शैक्षिक विभेदको अन्तर कम गर्नु, नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लैससासको सवाल मुलप्रवाहीकरण नहुनु, संस्थागत संरचनामा लक्षित समुदायको प्रतिनीधित्व सुनिश्चित गराउनु, समाजमा विद्यमान हानीकारक सामाजिक मुल्यमान्यताहरु कायम रहनु, लक्षित वर्गको आयस्तरमा ज्यादै ठुलो असमानता, लाभको बाडफाँडमा वास्तविक लक्षित वर्गको पहिचान र पहुँचमा सुनिश्चितता नहुनु, विद्यमान कानुनी ब्यबस्था बारेमा लक्षित वर्गलाई सुसुचित गराउनु आदि।

## १.५ अवसरहरु

बेनी नगरपालिकामा समावेशीकरणलाई प्रवर्धन र प्रोत्साहन गर्न नेपालको वर्तमान शासकीय व्यवस्था, वर्तमान संविधानमा भएका ब्यबस्थाहरु, स्थानीय सरकार सन्चालन ऐन, २०७४, नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धताहरु, स्थानीय सरकार स्वयँले नै नीतिगत व्यवस्था तथा कानुन निर्माण तथा निति निर्माण गर्ने अधिकारले नगरपालिकालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री नगर बनाउने अवसर प्रदान गरेको छ। संघीय तथा प्रदेश सरकारको लैससास मैत्री बजेट तथा कार्यक्रम अनुरुप नगरपालिकालाई नीति तथा कानुन बनाउन अवसरहरु प्रदान गरेको छ।

## १.६ लैससास रणनीतिको आवश्यकता

तपशिलका आवश्यकताहरु सम्वोधन गर्न बेनी नगरपालिकालाई लैससास रणनीति आवश्यक रहेको छः

१. संविधानले परिकल्पना गरेको सामाजिक समाबेशीकरण सहितको शासन ब्यबस्था प्रवर्धन गर्न।

२. नगरपालिकामा समाबेशिकरण सम्बन्धी नीतिगत एकरुपता र सामञ्जस्यता कायम गर्न।

३. नगरको नीति तथा कार्यक्रम र बजेटलाई मार्गदर्शन गर्न।

४. नगरपालिकाको नीतिगत र कानुनी संरचनाहरुमा लैससासलाई मुलप्रवाहीकरण गर्न।

५. नगरपालिका अन्तर्गत सञ्चालन हुने नीति, योजना तथा कार्यक्रमहरुलाई मार्गदर्शन गर्न।

५. नगर विकासका सरोकारवालाहरु बीच बुझाईमा एकरुपता कायम गर्न र लैससास सम्बन्धी कानुनी ब्यबस्थाको कार्यान्वयनमा सहयोग पुर्याउन।

६. संघीय सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरेका लैससास सम्बन्धी प्रतिवद्धता अनुरुप सृजित दायित्वहरु पुरा गर्न।

७. लोकतन्त्रका लाभहरुलाई न्यायोचित बितरणको माध्यमबाट सामाजिक न्याय स्थापित गर्न।

८. दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग गर्न।

# खण्ड दुईः लैससास रणनीति

बेनी नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सोँच, लक्ष्य, उद्देश्यहरु, रणनीति एवम कार्यनीतिहरु यसप्रकार रहेका छनः

**परिभाषा**

यस रणनीतिको नाम "लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति २०७९" रहनेछ र यसको प्रारम्भ यस नगर कार्यपालिकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ ।

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा

क) "रणनीति" भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशिता रणनीति २०७९" सम्झनु पर्दछ।

ख) "स्थानीय तह" भन्नाले बेनी नगरपालिका सम्झनु पर्छ।

ग) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ।

घ) "योजना" भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको नगरपालिकाको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत विकास योजना, र विषयगत गुरुयोजना, रणनीतिगत योजना आदि सम्झनु पर्छ।

ङ) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपगोग गर्ने कुराको सुनिश्चितताालाई सम्झनु पर्छ।

च) "सामाजिक समावेशी सम्पर्क व्यक्ति" भन्नाले यस नगर कार्यपालिका कार्यलयको समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

छ) "सामाजिक समावेशी बजेट" भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपाङ्गता भएका व्यक्ति, बालबालीका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागितामुलक ढङ्गले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ। सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ।

ज)	"विकास साझेदार" भन्नाले नगरपालिकासँग भएको सम्झौता वमोजिम नगद, जिन्सी एवम् प्रविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, सँयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तरतष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ।

झ)	"टोल विकास संस्था" भन्नाले ऐनको दफा १२ (२) क बमोजिम सामाजिक परिचालनको अवधारणा बमोजिम गठन हुने समूह सम्झनु पर्दछ।

ञ)	"उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मतसम्भार गर्नको लागि आँफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ।

ट)	"सामुदायिक संस्था" भन्नाले जनचेतना सम्वन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायहरुमा आधारित संस्था सम्झनु पर्छ।

ठ)	"गैरसरकारी संस्था" भन्नाले प्रचलीत कानून वमोजिम स्थापना भएका नगर सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई नगरपालिकाको समन्वयमा कार्य गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ।

ड)	"स्थानीयकरण" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवम अधिकत्म उपयोग गर्ने प्रक्रिया हो।

ढ)	"बञ्चित समूह" भन्नाले यस नगरपालिकाको परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक, फरक क्षमता भएका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवाशी, जनजाती, मधेसी, मुस्लिम, फरक क्षमता भएका, जेष्ठ नागरीक एवम् दुर्गक क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ।

ण)	"अल्पसंख्यक" भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ।

त)	"सीमान्तकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

थ)	"लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्छ।

द) "लैङ्गिक समानता" भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ।

न) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवम सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नु पर्ने विषयलाई सम्झनु पर्छ।

ध) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा श्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नवाट वञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितीकरणमा परेका समूहहरुलाई निर्णय प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन, सेवा तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ।

न) "लक्षित समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू जस्तै सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुस्लिम तथा पिछडा वर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ।

प) "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट" भन्नाले स्थानीय तहले योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, तेश्रोलिङ्गी, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढङ्गले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ। लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ।

फ) "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण" भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुष बीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ।

ब) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले नगरपालिकाको कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

म) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक

विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ।

य) "सामाजिक वञ्चितीकरणमा परेका समूहहरू" भन्नाले महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउँदछ।

र) "लैङ्गिक प्रभाव विष्लेषण" भन्नाले नीति तथा अभ्यासहरुको परिक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कत्तिको लाभान्बीत भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ।

ल) "सशक्तीकरण" भन्नाले विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडी परेका, परेका अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनु पर्दछ।

व) "खण्डीकृत तथ्याङ्क" भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एव एच.आई. भि. संक्रमित ब्यक्ति तथा अन्य सीमान्तकरण परेका समूहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ।

## २.१ दीर्घकालीन सोंच

"समृद्ध बेनी र सुखी बेनी नगरवासी"

## २.२ दीर्घकालीन लक्ष्य

सामाजिक समाबेशीकरणलाई शासन प्रणालीका सबै अवयवहरुमा मुलप्रवाहीकरण तथा आन्तरिकीकरण गर्दै संस्थागत सुदृढिकरण गर्ने।

## २.३ उद्देश्यहरु

आर्थिक, सामाजिक, प्रशासनिक र राजनीतिक रुपमा पछाडी परेका समुदाय र ब्यक्तिहरुको सशक्तीकरणको माध्यमबाट सबै विषय क्षेत्र तथा संरचनामा पहुँच सुनिश्चित गर्ने यस लैससास रणनीतिको साधारण उद्देश्य हो भने विशिष्ट उद्देश्यहरु तपशिल बमोजिम छनः

(क) नगरपालिकाको नीति, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउने।

(ख) पछाडी परेका वर्ग र समुदायको निर्णय प्रकिया तथा लाभको उपयोग सुनिश्चितता गर्ने।

(ग) पछाडी परेका वर्गलाई सशक्तिकरणको माध्यमवाट सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच सुनिश्चत गर्ने।

(घ) सरोकारवालाहरु विच बुझाईमा एकरुपता कायम गर्न र लैससास सम्बन्धी कानुनी ब्यवस्था कार्यान्वयनमा सहयोग पुर्याउने।

(ङ) नेपाल सरकारले तय गरेको दिगो विकासको लक्ष्य प्राप्त गर्न सहयोग पुर्याउने।

(च) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धताहरु पुरागर्न सोही अनुरुप कृयाकलापहरु तय गर्ने।

## २.४ रणनीति तथा कार्यनीतिहरु

रणनीति र कार्यनीतिहरु बीच परस्पर तर्कसँगत सम्बन्ध (logical relation) रहने गर्दछ। अतः सोहि मान्यताका आधारमा बेनी नगरपालिकाका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति र कार्यनीतिहरु यसप्रकार तयार गरिएको छः

| रणनीति | कार्यनीति |
|---|---|
| १. लैससास अवधारणालाई संस्थागत गर्न स्थानीय आवश्यकता अनुरुप कानुन तथा मापदण्डहरु तर्जुमा गर्नुका साथै विद्धमान कानुनहरुलाई परिमार्जन गरी कार्यान्वयन गर्ने। | (१) नगरपलिकाका विधमान कानूनी दस्तावेजहरुलाई लैससासको दृष्टिकोणबाट आवश्यकता अनुसार पुनरावलोकन र परिमार्जन गरिनेछ।<br>(२) आवश्यक नयाँ कानून, नीति, मापदण्ड तथा कार्यविधीहरु लैससासको मर्म अनुरुप तर्जुमा गरिनेछ।<br>(३) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीतिहरुको प्रभाव र परिणामका सम्बन्धमा आवधिक रुपमा तथ्यगत एवम वस्तुनिष्ठ समिक्षा गरिनेछ।<br>(४) नेपाल पक्ष भएका यस सम्बन्धी अन्तराष्ट्रिय महासन्धी अनुरुपका दायित्वहरुलाई कार्यान्वयन गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ।<br>(५) लैससास सम्बन्धी कानुनहरु तथा कार्यविधीहरु निर्माण वा परिमार्जन गर्दा सम्बन्धित सरोकारवाला पक्षहरुसँग परामर्श तथा समन्वय गरिनेछ।<br>(६) पछाडि परेका नागरिकहरुको सामाजिक समावेशिकरणको मान्यता अनुरुप सशक्तिकरण गर्न गैहसरकारी सँघसँस्थाहरुसँग सहकार्य गरिनेछ।<br>(७) लैससास सम्बन्धी नीति, रणनीति तथा कार्यक्रमहरुको कार्यान्वयनलाई प्रभावकारी बनाउन नगरका सबै सँयन्त्रहरुलाई परिचालन गरिनेछ। |
| २. नगरपालिकाको आवधिक योजना, मध्यकालीन खर्च सँरचना, बार्षिक योजना, कार्यक्रम तथा बजेटहरु लैससासको भावना अनुरुप तर्जुमा गरी कार्यान्वयन गर्ने। | (१) लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको आवश्यकता पहिचान गरिनेछ।<br>(२) लैससासको दृष्टिकोणबाट विगतका अभ्यास तथा प्रतिफलमा आधारित भई वार्षिक योजना आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरिनेछ।<br>(३) बार्षिक, आवधिक योजना तथा कार्यक्रमहरु र बजेट तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, |

| | |
|---|---|
| | लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायका लागी न्युनतम प्रतिशत तोकिने छ।<br>(४) प्राकृतिक विपद, आपत तथा स्वास्थ्य महामारी जस्ता जोखिम अवस्थाहरुमा लक्षित समुदायका लागि आवश्यक पर्ने उद्धार, राहत र पुर्नस्थापनाकालागी नगरपालिकामा स्पष्ट नीति तयार गरिनेछ।<br>(५) लक्षित समुदायहरुलाई योजनाको मुल्याङ्कन लगायत सो वाट सृजित लाभ लिन तथा अवसरहरुको उपयोग गर्न स्थानीय स्तरमा टोल विकास सँस्था लगायतका सामुदायिक सँस्थाहरुलाई परिचालन गर्नुका साथै सँस्थागत स्वमुल्याङ्कन प्रणालीलाई अवलम्वन गरिनेछ। |
| ३. नगरपालिकाका गतिविधीहरुमा लैससास मूलप्रवाहिकरण गर्न संस्थागत संरचनाहरु निर्माण गर्ने। | (१) नगरपालिकामा लैससास निर्देशक समिति गठन गर्नुका साथै वडातहमा बन्ने समितीहरु पनि लैससासको मर्म अनुरुप निर्माण भई सोही अनुरुप परिचालित हुनेछन।<br>(२) लैससास निर्देशक समिती र अन्य समितीहरुको कार्यभार, जिम्मेवारी र अधिकारहरु स्पष्ट पारि सोही वमोजिम परिचालन गरिनेछ।<br>(३) लैससास निर्देशक समिती र अन्य समितीहरुलाई कार्य जिम्मेवारी प्रभावकारी रुपमा बहन गर्न आवश्यकता अनुसार क्षमता विकास गरिनेछ। |
| ४. नगरपालिकाको नीति र योजना सहभागितात्मक रुपमा तयार गर्न आवश्यकता अनुसार थप कार्यविधि निर्माण गर्ने। | (१) योजना तर्जुमा गर्दा टोल स्तरवाटनै लक्षित समुदायलाई अर्थपूर्ण सहभागीता गराईनेछ।<br>(२) बजेट सिलिङमानै लक्षित समुदायका लागि बजेटको सुनिश्चितता गरिनेछ।<br>(३) नगरपालिकाको योजना तर्जुमा तथा सार्वजनिक सरोकारका बिषयवस्तुहरुको जानकारी लक्षित समुदाय सम्म पुर्याउन सञ्चार माध्यमहरुवाट सूचनाहरु सम्प्रेषण गरिनेछ।<br>(४) प्रत्येक वडामा मानव विकास सुचाङ्क, वहुआयामिक गरीवि मापन लगायत अन्य आधारमा पछाडि परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको पहिचान गरी वडागत अद्धावधिक खण्डिकृत सुचनाहरु राखिनेछ। यसका साथै वडागत खण्डिकृत तथ्याङ्कहरुको आधारमा एकिकृत database तयार गरिनेछ। |
| ५. नगरपालिकाको योजना तर्जुमाको प्रक्रियामा लक्षित समुदायको क्षमता अभिवृद्धि गरी अर्थपूर्ण सहभागिता सुनिश्चितत गर्ने। | (१) नगरपालिका एवम वडा तथा समुदायस्तरमा गठन गरिने विभिन्न सञ्जाल, समूह तथा समितिहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको |

| | |
|---|---|
| | समानुपातिक सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गरिनेछ।<br>(२) नगरपालिका तहको नीति, कानून, योजना, कार्यक्रम, बजेट आदी तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको अर्थपूर्ण सहभागिता तथा प्रतिनिधित्व सुनिश्चित गरिनेछ।<br>(३) नगरपालिका बाट गठन हुने संरचनाहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको सकृय सहभागिता सुनिश्चित गरिनेछ।<br>(४) योजना तर्जुमा प्रकृयाका चरणहरु लगायत योजनाबाट सृजित अवसर तथा लाभको वितरणमा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गरिनेछ। |
| ६. नगरपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी वजेटको मर्म अनुसार गर्ने। | (१) खण्डिकृत तथ्याङ्कहरुलाई समय अनुसार अद्यावधिक गरी त्यसैका आधारमा योजना तर्जुमा र योजनाको प्रगति समिक्षा गरिनेछ।<br>(२) महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिङ्क अल्पसँख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको आवश्यकताको पहिचान लैससासको दृष्टिकोणबाट गरिनेछ।<br>(३) नगरपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाई प्रयोगमा ल्याईनेछ। |
| ७. लैङ्गिक दृष्टिकोणवाट लक्षित समुदायप्रति जवाफदेफी रहेको कुराको सुनिश्चितता गर्न लैङ्गिक परीक्षण, सामाजिक परीक्षण तथा गुनासो सुन्ने संयन्त्र सुनिश्चित गर्ने। | (१) नगरपालिकाको बजेट तथा कार्यक्रमलाई वार्षिकरुपमा लैससासको दृष्किोणवाट परीक्षण गरिनेछ।<br>(२) नगरपालिकामा लैससास सम्पर्क ब्यक्ति तोकेर कार्यजिम्मेवारी स्पष्ट पारिनेछ।<br>(३) नगरपालिकाका सूचनाहरु सम्प्रेषण गर्दा आवश्यकता र सम्भाव्यताका आधारमा लक्षित समुदायहरुको मातृभाषा समेतमा गरिनेछ।<br>(४) नगरपालिका बाट नियमितरुपमा सार्वजनिक सुनुवाई गरिनेछ।<br>(५) सार्वजनिक सुनुवाई गर्दा लक्षित समुदायको उपस्थिति र लैससासका सवाललाई उचित सम्बोधन गरिनेछ।<br>(६) लक्षित समुदायको गुनासो सुन्नकालागि गुनासो सुन्ने संयन्त्र निर्माण गरिनेछ। |

| | |
|---|---|
| ८. नगरपालिकाको मूल्याङ्कन विधि र सूचकहरुलाई लैससास उत्तरदायी बनाइनेछ। | (१) नगरपालिकाको मूल्याङ्कन प्रविधि र सूचकहरुलाई परिमार्जन गरी खण्डिकृत सूचनाको व्यवस्था र प्रतिवेदन दिने व्यवस्था गरिनेछ।<br>(२) समिक्षा गर्दा खण्डिकृत तथ्याङ्क र प्रतिवेदनलाई आधार मानिनेछ।<br>(३) पछाडि परेका व्यक्ति तथा समुदायहरुसँग सम्बन्धित आधारभुत र खण्डिकृत तथ्याङ्क सङ्कलन, विश्लेषण, अभिलेखन एवम प्रतिवेदन तयारी र सम्प्रेषणका लागि वास्तविक समयमा आधारित (Real time base) सूचना प्रणाली विकास गरिनेछ। |
| ९. नगरपालिकाका समिति तथा वडास्तरका विभिन्न संरचनाहरुमा कृयाशिल पदाधिकारीहरुका लागि क्षमता विकासको व्यबस्था गर्ने। | (१) नगरपालिकाका सेवा प्रदायकहरु, सरोकारवाला, अधिकारवादी संघसंस्थाहरुको लैससास सम्बन्धी ज्ञानमा भएको रिक्तता पहिचान गरी आवश्यकता अनुसार क्षमता अभिवृद्धि कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>(२) लैससास सम्बन्धी क्षमता विकास कार्यक्रमलाई नगरपालिकाको क्षमता विकास योजनाको अभिन्न अङ्ग बनाईनेछ।<br>(३) नगरपालिका स्तरमा लैससास सम्बन्धी मास्टर प्रशिक्षकहरु तयार पारी आवश्यकता अनुसार परिचालन गरिनेछ।<br>(४) योजना तर्जुमा प्रकृयामा संलग्न कर्मचारी र संघसंस्थाहरुलाई लैससासका समस्या र चुनौतिहरु समाधान गर्न विभिन्न उपायहरु अवलम्बन गर्नुका साथै लैससास उत्तरदायी योजना तथा बजेटका विधिहरु बारेमा क्षमता अभिवृद्धि गर्दै लगिनेछ।<br>(५) नगरपालिकावाट सञ्चालन हुने सवै तालीम, अन्तरक्रिया र गोष्ठीहरुमा अनिवार्यरुपमा लैससासको विषय समेट्नुका साथै लैससास प्रवर्द्धनका योजनाहरु कार्यान्वयन गरिनेछ।<br>(६) लैङ्गिक हिंसा, घरेलु हिंसा, अन्धविश्वास, छुवाछुत, कुरिति, लगायतका गलत परम्परा, हानिकारक मूल्य,मान्यता र व्यवहारका विषयमा लक्षित वर्ग जनप्रतिनिधि, स्थानीय संघसस्था लाई अभिमुखीकरण गरिनेछ।<br>(७) विभिन्न सञ्चारका माध्यमवाट सचेतनामुलक सन्देश तथा कार्यक्रमहरु सञ्चालन तथा प्रसारण गरिनेछ।<br>(८) लैङ्गिक हिंसा विरुद्ध विद्यमान कानुनमा भएका ब्यबस्थाहरु वारे प्रचार प्रसार तथा सचेतीकरण गराईनेछ। |

| | |
|---|---|
| १०. लैससासको क्षेत्रमा कृयाशिल सरोकारवाला संघसंस्थाहरुको क्षमता अभिवृद्धी गरी समन्वय र सहकार्यको क्षेत्रलाई थप फराकिलो बनाउने। | (१) स्थानीय स्तरमा लैससासको क्षेत्रमा उल्लेख्य काम गर्ने समुह, संस्था तथा ब्यक्तिका असल काम अनुसरण गर्न प्रोत्साहन गरिनेछ।<br>(२) लैससास सम्बन्धी भएका असल अभ्यासहरु अन्तरपालिका तहमा आदान प्रदान गर्नुका साथै वडा वडाहरुमा पनि असल अभ्यास तथा सिकाईहरुलाई आदान प्रदान गरिनेछ।<br>(३) नगरपालिकामा रहेका माध्यमिक विद्यालयका सामाजिक विषय अध्यापन गराउने शिक्षकहरुलाई लैससासका वारेमा अभिमुखीकरण गरिनेछ।<br>(४) नगरपालिकाको तर्फबाट वार्षिकरुपमा लैससास प्रवर्धन गर्ने खालका सूचना शिक्षा र सञ्चार सामग्रीहरु प्रसारण तथा प्रकाशन गरिनेछ।<br>(५) स्थानीय तहमा गठन हुने वालक्लब, महिला समुह, सहकारी, किशोर किशोरी समुहलाई लैससास सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>(६) लैससासका सवाललाई न्यायिक समितिमा प्रमुख प्राथमिकताका साथ सुनुवाई गरिनेछ।<br>(७) महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग तथा समुदायका लागि सिपमुलक, आयमुलक, उद्यमशिलता जस्ता अर्थोपार्जन र जिवनोपयोगी कार्यक्रमहरु सञ्चालन गरिनेछ।<br>(८) लिङ्गमा आधारित हिंसा र भेदभावपुर्ण व्यवहार विरुद्धका हरेक क्रियाकलाप तथा कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुको अर्थपूर्ण सहभागिता गराईनेछ। |
| ११.लैससास केन्द्रित स्रोतसाधन वितरण सम्बन्धी कार्यविधि, मापदण्ड तर्जुमा गर्ने। | (१) नगरपालिकावाट सञ्चालीत योजना तथा कार्यक्रमहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायका ब्यक्तिहरुको सहभागिता र लाभसँग सम्बन्धित खण्डिकृत तथ्याङ्क सङ्कलन गर्ने र नियमित रुपमा अध्यावधीक गरिनेछ।<br>(२) नगरपालिका क्षेत्रमा सञ्चालित आयोजनाहरुको अनुगमन तथा मुल्याङ्कन लैससासको दृष्टिकोणवाट गरिनेछ।<br>(३) नगरबाट प्रवाह हुने सेवा, सुविधा, तथा कार्यक्रमहरुको प्रभावकारीता लैससासको दृष्टिकोणवाट पुनरावलोकन तथा समीक्षा गरिनेछ। |

| | |
|---|---|
| | (४) नगरमा विद्धमान सँरचनाहरुमा समावेशिकरण सम्बन्धी आवश्यक प्राव्धानहरु समावेश गरी लक्षित कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन एवम त्यस सम्बन्धी अध्ययन, अनुसन्धान तथा अनुगमन र मुल्याङ्कन गरिनेछ।<br>(५) नगरपालिकाबाट सञ्चालित कार्यक्रम वा प्रवाह हुने सेवा, सुविधा र कार्यक्रमको निरन्तर अनुगमन तथा मुल्याङ्कनका लागि लक्षित समुदायहरुको सहभागितामा प्राथमिकिकरणमा रहेको क्षेत्रमा अल्पकालिन तथा दिर्घकालिन सुचकहरु तयार गरिनेछ। |
| १२. लैससास प्रवर्धनका लागी नागरिक समाज तथा अधिकारको अभ्यासको क्षेत्रमा कृयाशिल संघसंस्थाहरुसंग समन्वय र सहकार्य गर्ने। | (१) लैससासको क्षेत्रमा कृयाशिल अधिकारवादी संघसंस्थाहरुको तथ्याङ्क अद्यावधिक गरिनेछ।<br>(२) संघसंस्थाहरुलाई लक्षित वर्गसम्म पुर्याउन समन्वय र सहकार्य गरिनेछ।<br>(३) संघसंस्थाहरुलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धि गरी समन्वय र सहकार्यको क्षेत्रलाई थप प्रभावकारी बनाईनेछ।<br>(४) समावेशिकरणका लागि विभिन्न निकायहरुबाट सञ्चालित लक्षित कार्यक्रमहरुमा दोहोरोपना आउन नदिन समन्वय गरिनेछ।<br>(५) विभिन्न प्रकारका जोखिमहरु तथा हिँसामा परेका महिला, वालवालिका, किशोर, किशोरी, अपाङ्ग, अनाथ, टुहुरा, सडक वालवालिका लगायत अभिभावक विहिन नागरिकको सँरक्षण, पुनस्थापना तथा क्षमता विकास गर्न सामुदायिक प्रहरी, गैह्सरकारी सँस्थाहरु र अन्य निकाय तथा व्यक्तिहरुसँग सहकार्य गरिनेछ। |

## २.५ सम्भावित जोखिम र न्युनिकरणका उपायहरु

उल्लेखित रणनीति र कार्यनीतिहरु कार्यान्वयनको क्रममा आउन सक्ने सम्भाव्य जोखिम तथा चुनौती एवम तिनको निराकरणका लागि देहायका उपायहरु अबलम्बन गरिनेछ:

| सम्भावित जोखिम | न्युनीकरणका उपायहरु | जिम्मेवार निकाय |
|---|---|---|
| सामाजिक समावेशीकरणको विषयले वडाहरुमा समान रुपमा महत्व नपाउन सक्दछ। | नगरपालिकाका नीति, कार्यक्रम तथा बजेटमा लैससासलाई प्राथमिकतामा राखे। | सम्बन्धित शाखा, सम्बन्धित वडा कार्यालय तथा सहयोगी संघसंस्थाहरु। |
| सामाजिक समावेशीकरणको माध्यमबाट सृजना हुन सक्ने लाभ र अवसरहरुमा सम्बन्धित समुदायकै व्यक्तीहरुको पहुँच कम हुन सक्ने। | लक्षित समुदायको नक्शाङ्कन गर्ने तथा लक्षित कार्यक्रम मार्फत सशक्तिकरण गर्ने। | सम्बन्धित शाखा, सम्बन्धित वडा कार्यालय तथा सहयोगी संघसंस्थाहरु। |
| सामाजिक समावेशीकरण सम्बन्धमा नीति निर्माताहरुकै वुझाईमा एकरुपता नहुन सक्ने। | पदाधिकारीहरुका लागि क्षमता अभिवृद्धीका कार्यक्रमहरु सञ्चालन गर्ने। | सम्बन्धित शाखा, सम्बन्धित वडा कार्यालय तथा सहयोगी संघसंस्थाहरु। |
| समावेशीकरणमा सहयोग पुर्याउने खालका कार्यक्रमहरु नियमित योजना तथा कार्यक्रममा मुलप्रवाहीकरण नहुन सक्ने। | आबश्यक स्रोत आङ्कलन गरी ब्यवस्थापन गर्न मार्ग निर्देशन द्वारा निर्देशित गर्ने। | सम्बन्धित शाखा, सम्बन्धित वडा कार्यालय तथा सहयोगी संघसंस्थाहरु। |

## २.६ अपेक्षित उपलब्धीहरु

बेनी नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिले निम्नानुसारको नतिजा दिने अपेक्षा गरिएको छ:

(क) नगरपालिकाको नीति, कानून व्यवस्था तथा मापदण्डहरु लैससास उत्तरदायी हुनेछन।

(ख) नगरपालिकाको योजना तर्जुमा देखि कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा समेत लक्षित वर्गको सकृय सहभागिता भई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा उक्त वर्गको पहुँचमा सुधार भई समतामूलक समाज निर्माणमा योगदान पुग्नेछ ।

(ग) नगरपालिकाको कार्यक्रम तथा बजेट लैससास उत्तरदायी हुनेछ ।

(घ) सेवा प्रदायक, सरोकारवाला, अधिकारकर्मी सघंसंस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धी भई समान बुझाई स्थापित भई सोहि अनुरुपको कार्यशैली विकास भएको हुनेछ।

(ङ) नेपाल सरकारले लैससास सम्बन्धी दिगो विकास लक्ष्य र अन्य लक्ष्यहरु प्राप्त गर्न अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता तथा गण्डकी प्रदेश सरकारले आफ्नो प्रथम पञ्चवर्षीय योजनामा यस सम्बन्धमा गरेका अपेक्षाहरु पुरा गर्न सहयोग पुग्नेछ।

## २.७ संस्थागत सँरचना

यस रणनीतिमा समावेश गरिएका प्राब्धानहरुलाई समावेशीकरणको अवधारणा अनुरुप प्रभावकारी रुपमा कार्यान्वयन गर्न निम्न बमोजिमको सामाजिक समावेशीकरण नीति निर्देशक समितिको ब्यवस्था गरिनेछ।

| | |
|---|---|
| नगरप्रमुख | - सँयोजक |
| नगर उपप्रमुख | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| सामाजिक विकास समितिका सँयोजक | - सदस्य |
| कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेका २ जना | - सदस्य |
| संघसंस्थाहरुबाट प्रतिनिधित्व हुने गरी सँयोजकले तोकेका २ जना | - सदस्य |
| सामाजिक बिकास शाखा प्रमुख | - सदस्य सचिव |

उपरोक्त समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र यसले आफ्ना काम, कार्वाहीहरुलाई थप व्यवस्थित बनाउन कार्यविधी तयार गर्न सक्नेछ।

निर्देशक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) रणनीति पुनरावलोकन र परिमार्जनका लागि खाका तयार गर्ने।

(ख) रणनीति कार्यान्वयनका लागि सम्बद्ध वडा तथा निकायहरु बीच सहकार्य, सहजीकरण र समन्वय गर्ने।

(ग) सामाजिक समाबेशीकरण सम्बन्धमा बजेट तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्न आवश्यक समन्वय सहकार्य तथा प्रोत्साहन गर्ने।

(घ) सामाजिक समावेशीकरण मुलप्रवाहीकरणका लागि संस्थागत प्रणाली र विधी स्थापित गर्नुका साथै त्यसको अनुगमन तथा मूल्याङ्कनको सुनिश्चितता गर्ने।

(ङ) सामाजिक समाबेशीकरणको मर्म अनुरुप आयोजना प्राथमिकीकरण गर्न वडाहरुको क्षमता विकास गर्ने गराउने।

(च) बिकास कार्यक्रमहरुको सामाजिक लेखाजोखा र परीक्षण गर्ने गराउने।

(छ) सामाजिक समावेशीकरण सम्बन्धी नीतिहरु कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भाव्य जोखिमहरुको आँकलन र न्युनीकरणका उपायहरु अपनाउन।

## २.८ अनुगमन तथा मूल्याङ्कन

यस दस्तावेजमा समावेश गरिएका रणनीतिहरुको प्रभावकारिता मापनका लागि सूचकहरु निर्माण गरिनेछ र तिनै सुचकहरुका आधारमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।लैससास रणनीति कार्यन्वयन तथा अनुगमन समिति

बेनी नगरपालिकामा निम्नानुसारका रणनीति कार्यन्वयन तथा अनुगमन समिति रहने छः

१. नगर प्रमुख — संयोजक

२. नगर उपप्रमुख — सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत — सदस्य

४. कार्यपालिकाको सदस्यहरु मध्येबाट १ जना महिला सहित २ जना — सदस्य

५. कार्यपालिकाद्वारा मनोनित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्था मध्येबाट बढीमा २ (एक जना महिला) जना — सदस्य

६. सामाजिक विकास शाखा प्रमुख — सदस्य सचिव

**लैससास रणनीति कार्यन्वयन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः**

१. नगरपालिका भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पिछडिएको समुदाय खण्डीकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने।

२. लैङ्गिक आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नगरसभा वा नगरसभा समक्ष सिफारिस गर्ने।

३. संघ तथा प्रदेश सरकारबाट भएका रणनीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने।

४. लैङ्गिक, आर्थिक, भौगोलिक, सामाजिक, तथा साँस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नगरसभा समक्ष सिफारिस गर्ने।

५. यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

६. नियमित रुपमा नगरपालिकाको लैङ्गिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्ने ।

७. लैससाससँग सम्बन्धित अन्तराष्ट्रिय सन्धी, सम्झौताहरुको समन्वय, सहकार्य, सहजीकरण र कार्यान्वयन गर्ने गराउने।

८. नगरपालिका क्षेत्र भित्र लैससाससँग सम्वन्धी काम गर्ने संघ—संस्थासँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

**नगरपालिका लैससास कार्यन्वयन तथा अनुगमन समितिको बैठक सम्बन्धी व्यवस्थाः**

१. समितिको बैठक वर्षमा (बढीमा) ६ पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

२. समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै समितिको सदस्य—सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

३. समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

४. समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफू मध्येबाट ज्येष्ठ सदस्यले गर्नेछ।

५. समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै विज्ञ व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

६. समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ।

**लैससास सम्बन्धमा वडा समितिको काम, कर्तव्य र अधिकार**

१. वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, फरक क्षमता भएका, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पिछडिएको समुदायसँग सम्बन्धित अद्धावधिक खण्डीकृत तथ्याङ्क तयार गर्ने।

२. योजना छनौट प्रकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, फरक क्षमता भएका, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक समुदायको सहभागिता अनिवार्य गर्ने।

३. महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, फरक क्षमता भएका, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पिछडिएको समुदायको

हक हितको संरक्षण र सम्बर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणकाको लागि कार्यक्रम बनाई नगरपालिकामा पेश गर्ने।

४. यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैससासमैत्री बनाउन सहजीकरण गर्ने ।

## २.९ कार्ययोजना

| क्र.स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी एवम सरोकारवालाहरु | आर्थिक स्रोत | समय सीमा |
|---|---|---|---|---|---|
| १ | नगरपालिकाका विद्यमान कानुन, नीति, मापदण्ड तथा कार्यविधि पुनरावलोकन | नगरपालिका | विषय विज्ञहरु | नगरपालिकाको बजेट | रणनीति स्विकृत भएको ३ महिना भित्र |
| २ | जनप्रतिनिधि र सरोकारवाला निकायहरु बिचमा रणनीतिको औचित्य, महत्व र यसबाट पर्ने प्रभावका बारेमा अभिमुखिकरण | नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | रणनीति स्विकृत भएको २ महिना भित्र |
| ३ | लैससास सम्बन्धी विषयवस्तु हेर्नका लागि focal person तोक्ने र नगरपालिकामा लैससास सम्बन्धी विशेषज्ञता विकास गर्दै जाने | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु। | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | रणनीति स्वीकृत भएको ३ महिना भित्र कर्मचारी तोक्ने र विशेषज्ञताको विकास निरन्तर रुपमा |
| ४ | लैससासको प्रभावकारीता बारे त्रैमासिक रुपमा समिक्षा गर्ने र नियमित रुपमा सुधार गर्दै जाने | बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा | मानव अधिकार तथा सामाजिक न्यायकोक्षेत्रमा कार्यरत संघसंस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | रणनीति स्वीकृत भएको १ महिना भित्र, त्यसपछी निरन्तर रुपमा बर्षभरी |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि वडाहरुमा लैससास समिति र लैससास सम्बन्धी कार्ययोजना निर्माण गर्ने। | महिला बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | रणनीति स्वीकृत भएको छ महिना भित्र |
| ६ | लैससास रणनीति कार्यान्वयनमा उत्कृष्ट हुने वडालाई पुरस्कृत गर्ने परिपाटी विकास गर्ने | नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | कम्तीमा वर्षको एकपटक आर्थिक वर्षको अन्तमा |
| ७ | लैससास रणनीतिहरु पुनरावलोकन गर्ने र समसामयीक रुपमा परिमार्जन तथा संसोधन गर्ने | नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | हरेक ३ वर्षमा |
| ८ | रणनीति कार्यान्वयनको निरन्तर समिक्षाका साथै अनुगमन, मुल्याङ्कनका लागि आवश्यक सुचकहरु निर्माण गर्ने र सोको आधारमा नियमित अनुगमन गर्ने | योजना शाखा | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | रणनीति स्वीकृत भएको ६ महिनामा |
| ९ | वार्षिक बजेटमा न्यूनतम प्रतिशत रकम लक्षित समुदायका लागि विनियोजन गर्ने | नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघसंस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | हरेक आर्थिक वर्षमा |
| १० | लक्षित वर्गसँग सम्बन्धित खण्डीकृत तथ्याङ्कहरु अद्यावधिक गर्ने | महिला तथा बालबालिका शाखा, सामाजिक | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय | रणनीति स्वीकृत भएको ४ महिना भित्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | शाखा, तथा योजना शाखा | संस्था तथा विषय विज्ञहरु | संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | |

## २.१० कार्यान्वयन समिति

यस रणनीतिका प्रावधानहरुलाई कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्दिष्ट गरेका नीति अनूरुप सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न बेनी नगरपालिकामा देहाय बमोजिमको एक लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) सामाजिक विकास समितिको एकजना प्रतिनीधी - सदस्य

(ग) संघसस्थाहरु मध्येवाट नगरपालिकाले तोकेका कम्तीमा एक महिला सहित २ जना - सदस्य

(घ) प्रमुख, सामाजिक विकास शाखा - सदस्य सचिव

**समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।**

(क) लैससासलाई नगरपालिकाको विकास कार्यक्रममा मुलप्रवाहीकरण गर्ने।

(ख) सामाजिक समाबेशीकरणको कार्यलाई प्रभावकारी कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निभाउने,

(ग) लैससास रणनीति अनुरुप लैङ्गिक तथा सामाजिक समाबेशीकरण कार्यविधि तयार गरी कार्यान्वयन गर्ने गराउने।

(घ) लैससास रणनीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य निकाय तथा कार्यालयसंग कार्यगत समन्वय कायम गर्ने।

(ङ) लैससास रणनीति कार्यान्वयन सम्बन्धी अनुगमन तथा मुल्याङ्कन गर्ने गराउने।

(च) महिला, वालबलिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्याङ्क सङ्कलन एवम विश्लेषण गर्ने।

(छ) आवधिक, वार्षिक, योजना तर्जुमा कार्यान्वयन वजेट वाँडफाँड खर्चको लेखाजोखा, अनुगमन तथा मुल्याङ्कन प्रणाली सामाजिक समावेशीकरणको मर्म अनुरुप भए नभएको विश्लेषण गर्ने र सामाजिक समोबेशीकरण उत्तरदायी बनाउन नियमितरुपमा नगरपालिकालाई सुझाव दिने।

(छ) लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी कार्यान्वयन गर्ने गराउने।

(ज) लैससास मूलप्रवाहीकरण र यस रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला र अधिकारमुखी संघसंस्थाहरुसंग समन्वय र सहकार्य गर्ने गराउने।

(झ) लैससास रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखीमहरु समाधान गर्न आवश्यक ब्यबस्था गर्ने।

## २.११ पुनरावलोकन तथा सुधार

यस रणनीति कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपदेयताको मुल्याङ्कन गरी आवश्यता अनुसार पुनरावलोकन तथा सुधार गरिनेछ।

## २.१२ बाधा अडचन फुकाउने

यस रणनीतिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा नगरपालिकाले बाधा अड्चन फुकाउन सक्नेछ।